"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

## आठराई गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ७ संख्याः ३**

**गाउँ सभाद्वारा पारित मितिः २०८१/०३/२५**

**राजपत्रमा प्रकाशित मितिः २०८१/०३/२६**

## भाग २

**आठराई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**संक्रान्तिबजार, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल।**

# दीर्घरोगी तथा विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम निर्देशिका, २०८१

गाउँ सभाबाट स्वीकृत मिति:- २०८१/०३/२५

**प्रस्तावनाः** विकासको मूल प्रवाहमा आउन नसकेका अति विपन्न तथा श्रोतमा पहुँच नपुगेका अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सिमान्तकृत वर्ग, पिछडा वर्ग, दलित, समुदायको जीवनस्तरमा सुधार ल्याउने अभिप्रायले लक्षित वर्ग उत्थान, सशक्तीकरण एवं सामाजिक समावेशिकरण कार्यक्रमलाई प्राथमिकतामा राख्दै, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदद्वारा बनाएको ऐन "स्वास्थ्य बीमा ऐन, २०७४" बमोजिम गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहीता अभिवृद्धि गरी स्वास्थ्य सेवामा दीर्घरोगी तथा विपन्न नागरिक नागरिकको सहज पहुँच सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले आठराई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८१ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी आठराई गाउँ सभाले यो निर्देशिका बनाई लागू गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "दीर्घ रोगी तथा विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन निर्देशिका, २०८१" रहनेछ।

(२) यो निर्देशिका आठराई राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. **"अध्यक्ष"** भन्नाले आठराई गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ।

ख. **"कोष"** भन्नाले आठराई गाउँपालिकामा स्थापना गरिएको दीर्घ रोगी तथा विपन्न नागरिक सहायता कोष सम्झनु पर्दछ।

ग. **"गरिव विपन्न सेवाग्राही नागरिक"** भन्नाले सम्बन्धित सेवाग्राहीको स्थायी वसोवास रहेको वडाको वडा कार्यालय/आठराई गाउँपालिकाबाट सिफारिस गरेको अवस्थालाई बुझ्नुपर्नेछ।

घ. **"दीर्घरोगी"** भन्नाले नेपाल सरकारवाट कडा रोग भनी सुचिकृत गरिएका मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, सिकल सेल एनिमिया लगाएतका रोगहरु सहित लामो समय सम्म नियमित औषधि सेवन गर्नुपर्ने जस्तै दम, सुगर जस्ता रोगहरु भनी प्रस्ट रुपमा चिकित्सकबाट प्रमाणित भएको अबस्थालाई सम्झनुपर्नेछ।

ङ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले आठराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ।

च. **"स्वास्थ्य संयोजक"** भन्नाले आठराई गाउँपालिकाको अन्तर्गत स्वास्थ्य शाखाको स्वास्थ्य संयोजक सम्झनुपर्नेछ।

छ. **"प्राथमिक सेवा विन्दु"** भन्नाले स्वास्थ्य वीमा कार्यक्रममा आबद्व हुदा स्थानीय नागरिकले स्वास्थ्य वीमा कार्यक्रमको नियमानुसार तोकिएको पहिलो सेवा लिने स्वास्थ्य संस्थालाई बुझ्नुपर्दछ

ज. **"सोधभर्ना रकम"** भन्नाले दीर्घरोगी वा अति विपन्न नागरिक सहित निजको परिवारको सदस्यहरु स्वास्थ्य वीमा गरे वापत हुन आउने रकम लाई सम्झनुपर्दछ।

झ. **"स्थानीय नागरिक"** भन्नाले यस आठराई गाउँपालिकामा पाछिल्लो ६ महिनादेखि स्थायी रुपमा बसोवास गर्दै आएको नागरिकलाई सम्झनु पर्दछ।

ञ. **"स्वास्थ्य वीमा दर्ता सहयोगी"** भन्नाले स्थानीय वडा अन्तर्गत स्वास्थ्य वीमा कार्यक्रमको लागी छनौट भई कार्यरत दर्ता सहयोगी सम्झनु पर्दछ।

ट. **"स्वास्थ्य वीमा"** भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य वीमा वोर्डबाट सञ्चालन गरिएको स्वास्थ्य वीमा कार्यक्रमलाई सम्झनु पर्दछ।

ठ. **"स्वास्थ्य संस्था"** भन्नाले यस यस आठराई गाउँपालिका अन्तर्गत रहेका सरकारी स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ।

## परिच्छेद – २
## सिफारिस समिति र सोको काम, कर्तव्य र अधिकार

**३. गाउँपालिका स्तरीय सिफारिस समितिः** (१) आठराई गाउँपालिकामा दीर्घ रोगी तथा विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम व्यवस्थित र विश्वसनीय रुपमा सञ्चालन गर्न देहाय बमोजिमको पालिका स्तरीय विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा सिफारिस समिति रहने छ।

(क) अध्यक्ष – संयोजक

(ख) अध्यक्षले तोकेको दलित महिला कार्यपालिका सदस्य एक जना – सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

(२) पालिका स्तरीय सिफारिस समितिको काम कर्तव्य अधिकारः दफा ३ को उपदफा (१) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ।

(क) निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा गाउँपालिकाबाट विनियोजित बजेटको परिधिभित्र रही सबै वडामा १०/१० प्रतिशतका दरले हुन आउने संख्याका घरधुरीलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराउने घरधुरी संख्या तोक्ने।

(ख) वडा समितिबाट सिफारिस प्राप्त भए पश्चात एकीकृत विवरण तयार गर्ने।

(ग) वडाबाट प्राप्त विवरणमा बाँकी ३० प्रतिशत घरधुरीहरु छनौट गर्ने।

(घ) बुदा "ख" र "ग" बमोजिम एकमुष्ट लाभग्राहीको विवरण तयार गरी कार्यपालिकामा सिफारिस गर्ने।

**४. वडा स्तरीय सिफारिस समितिः** (१) दफा ३(२)(क) बमोजिम तोकिएको संख्यामा घरधुरी छनौट गरी पठाउन देहाय बमोजिम वडा स्तरीय विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा सिफारिस समिति रहने छ।

(क) वडा अध्यक्ष - संयोजक

(ख) दलित महिला वडा सदस्य - सदस्य

(ग) वडा सचिव - सदस्य सचिव

(२) वडा स्तरीय सिफारिस समितिको काम कर्तव्य अधिकारः दफा ४ को उपदफा (१) बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ।

(क) यस निर्देशिका बमोजिम पेश हुन आएका **अनसूची - १** बमोजिमका निवेदन एवं कागजात उपर जाँचवुझ गर्ने।

(ख) प्राप्त कागजात र वडा कार्यालयमा उपलब्ध प्रमाणको आधारमा स्वास्थ्य वीमामा समावेश गर्नुपर्ने घरधुरीको प्राथमिकता निर्धारण गर्ने

(ग) पालिकाबाट तोकिएको संख्यामा दिर्घरोगी वा विपन्न नागरिक सहित निजको परिवारका सदस्यको नि:शुल्क स्वास्थ्य वीमाको लागि अनसूची - २ बमोजिमको ढाँचामा सिफारिस गर्ने ।

**५. पालिका तथा वडा स्तरीय सिफारिस समितिले सिफारिस गर्ने अधार:** वडा तथा पालिका स्तरीय सिफारिस समितिले देहायको आधारमा दीर्घरोगी तथा विपन्न बर्गका लाभग्राही छनोट गर्नेछ ।

(क) चिकित्सकले प्रमाणित गरेको वा उपचार गरेको पूर्जाको आधारमा दीर्घरोगी भएको परिवार ।

(ख) निवेदकको परिवारका सदस्यको नाममा रहेको घर/जग्गा/जमिन र सोको उत्पादकत्व एवं अवस्थितिको।

(ग) निवेदकको परिवार सदस्यको रोजगारीको अवस्था ।

(घ) गरिव पहिचान भई परिचयपत्र वितरण गरेको भए परिचयपत्र ।

(ङ) समितिले ठानेका अन्य उपयुक्त आधार ।

**६. लाभग्राही छनौट र स्वास्थ्य वीमा गर्ने प्रकृया:** (१) यस निर्देशिका बमोजिम स्वास्थ्य वीमा कार्यक्रममा समावेश हुन देहायको प्रक्रिया पूरा गर्नुपर्ने छ:

(क) गाउँपालिका तथा वडा कार्यालय यो निर्देशिका लागू भएपछि पहिलो पटकका लागि लागू भएको एक महिनाभित्र र सो भन्दा पछि असार महिनाको ७ गतेभित्र निःशुल्क स्वास्थ्य वीमा कार्यक्रममा समावेश हुन **अनुसूची - ३** बमोजिमको सूचना जारी गर्नेछ ।

(ख) सूचना बमोजिम उक्त कार्यक्रममा समावेश हुन चाहने दीर्घरोगी तथा विपन्न परिवारको नेपाली नागरिकता प्राप्त सदस्यले सम्बन्धित वडा कार्यालयमा / गाउँपालिकामा **अनुसूची - १** बमोजिमको ढाँचामा तोकिएका कागजातहरू समेत संलग्न राखी निवेदन दिनुपर्नेछ ।

(ग) प्राप्त निवेदन उपर सम्बन्धित सिफारिस समितिले जाँच बुझ गरी प्राथिमकताको आधारमा सूची तयार गरी गाउँपालिकामा पठाउनेछ ।

(घ) सम्बन्धित वडा कार्यालय/ गाउँपालिकाको कार्यालयबाट भएको सिफारिसको आधारमा पालिकास्तरीय सिफारिस समितिले एकीकृत विवरण तयार गरी सार्वजनिक गर्नेछ ।

(ङ) गाउँपालिकाले सार्वजनिक गरिएको परिवारका सदस्यहरूलाई स्वास्थ्य वीमा कार्यक्रममा सहभागी हुन ७ (सात) दिनको सूचना कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरूमा टाँस गरी स्वास्थ्य वीमा गरिदिनेछ ।

(च) यो कार्यक्रम सञ्चालनको लागि प्रशासनिक तथा व्यवस्थापकीय काम गर्न गाउँपालिकाले कुनै कर्मचारीलाई तोक्ने छ ।

(छ) यस कार्यक्रमको सचिवालय गाउँपालिकाको स्वास्थ्य शाखामा रहनेछ ।

## परिच्छेद – ३
## विविध

**७. नवीकरण:** यस गाउँपालिकाले दीर्घ रोगी तथा विपन्न नागरिक सहायता कोषवाट निःशुल्क स्वास्थ्य वीमा कार्यक्रममा छनौट भएका सम्पुर्ण विमितहरुलाई नवीकरणको लागि लाग्ने शुल्कमा देहाय बमोजिमको अनुदान उपलब्ध गराइनेछ ।

| क्र.सं. | अवधी | आठराई गाउँपालिकाले उपलब्ध गराउने रकम | बिमित नागरिकले व्यहोर्नुपर्ने रकम |
|---|---|---|---|
| १. | पहिलो वर्ष | १०० प्रतिशत | ० प्रतिशत |
| २. | दोस्रो वर्ष र सो भन्दा पछी | ५० प्रतिशत | ५० प्रतिशत |

**८. अभिलेख तथा प्रतिवेदन:**(१) दिर्घ रोगी वा विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम सिफारिस तथा निर्णय भई सहायता सहुलियत पाउन सेवाग्राहीहरुको विवरण लगायत अन्य आवश्यक कागजातहरु स्वास्थ्य शाखामा अनिवार्य रुपमा अभिलेखीकरण गर्नुपर्नेछ ।

(२) स्वास्थ्य शाखाले प्रत्येक आर्थिक वर्षमा स्वास्थ्य वीमा कार्यक्रम सम्पन्न भएको मितिले १५ दिनभित्र कार्यसम्पन्न प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**९. लेखा परीक्षण गराउनु पर्ने:** यस कोष/निर्देशिका अन्तर्गत भएको खर्चलाई कानून बमोजिम लेखा परीक्षण गराउनुपर्ने कर्तब्य आठराई गाउँपालिकाको कार्यालयको हुनेछ ।

**१०. कारवाही हुने**: यस निर्देशिका विपरित कार्य गर्ने पदाधिकारी, स्वास्थ्य संस्था, कर्मचारी तथा सेवाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

**११. बचाउ, संशोधन तथा खारेजी**: (१) यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघि भए गरेका निःशुल्क स्वास्थ्य वीमा सम्बन्धी कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिने छ ।

(२) यस निर्देशिकामा उल्लेख नभएका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) यस निर्देशिकामा आवश्यकता अनुसार संसोधन वा खारेजी गर्नुपरेमा गाउँ कार्यपालिकाले गर्न सकिनेछ ।

(४) **"दीर्घरोगी तथा विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन निर्देशिका, २०८०"** खारेज गरिएको छ ।

## अनुसुची – १

**(दफा ६ को उपदफा (१) (ख) संग सम्बन्धित)**

## दीर्घ रोगी वा विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रमको लागि दिने निवेदन/ नवीकरणको ढाँचा

मितिः .......................

**विषयः** दीर्घ रोगी / विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रममा समावेश/ नवीकरण गरिदिने बारे ।

श्री ......... नं. वडा अध्यक्षज्यू,
आठराई गाउँपालिका, तेह्रथम ।

प्रस्तुत विषयमा आठराई गाउँपालिका ......... वडा नं. ............................. गाउँ/टोल स्थायी ठेगाना भएको उमेर ....... वर्षको .........................राष्ट्रिय परिचयपत्र नं./नागरिकता प्रमाण-पत्र नं. ............ सम्पर्क नं. भएको म ................................. सम्बन्धित वडाबाट प्रमाण खुल्ने सम्पूर्ण आवश्यक कागजात सहित दीर्घ रोगी/विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रममा समावेश / नवीकरण गरिदिनुहुन भनि यो निवेदन पेश गरेको छु । पेश भएको व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदकः**

हस्ताक्षर :
नाम थर:
लिङ्ग:
ठेगाना:
सम्पर्क नं.:



आठराई राजपत्र

## अनुसूची – २

**(दफा ४ को उपदफा (२) (ग) संग सम्बन्धित)**

**दीर्घ रोगी वा विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रमको लागि वडा सिफारिस समितिले दिने सिफारिस पत्रको ढाँचा**

मिति : ..........................

**विषयः** दीर्घ रोगी / विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रममा सिफारिस गरिएको बारे।

श्री आठराई गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

सक्रान्तिबजार, तेह्रथम।

आठराई गाउँपालिका वडा नं. ........... स्थायी बसोबास भएका देहाय बमोजिमका दीर्घ रोगी / विपन्न नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र / नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी तथा नाबालकको हकमा जन्म दर्ता प्रमाण-पत्रको प्रतिलिपी र आवश्यक रोग प्रमाणित गर्ने कागजातहरु यसै पत्र साथ संलग्न गरी आठराई गाउँपालिकाको निःशुल्क स्वास्थ्य वीमा कार्यक्रममा सहभागी गराउन सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

देहायः

| क्र.सं. | दीर्घ रोगी/विपन्न नागरिकको नाम/थर | रा.प.नं. / ना.प्र.नं. / जन्मदर्ता प्र.नं. | वुवा/आमाको नाम/थर | कैफियत |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |

**नोटः** महल नं. २ मा उल्लेखित नाममध्ये घरमूली भए कैफियत महलमा घरमूली लेख्ने।

......................

वडा अध्यक्ष

## अनुसूची – ३

**(दफा ६ को उपदफा (१) (क) संग सम्बन्धित)**

**विषयः** निःशुल्क स्वास्थ्य वीमा कार्यक्रममा समावेश हुन निवेदन दिने सम्बन्धी सूचना

**मितिः...........................**

प्रस्तुत विषयमा आठराई गाउँपालिकाको दीर्घरोगी तथा विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम निर्देशिका, २०८१ बमोजिम यस गाउँपालिका अन्तर्गत रहेका विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य वीमा/नविकरण गरिदिने कार्यक्रम बमोजिम आठराई गाउँपालिका भित्र स्थायी बसोबास भएका नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफु बसोबास गरेको वडा कार्यालयमा गई देहायका कागजातहरु संलग्न गरी "आठराई गाउँपालिकाको दीर्घरोगी तथा विपन्न नागरिक निःशुल्क स्वास्थ्य वीमा कार्यक्रम निर्देशिका, २०८१ को अनुसूची - १" बमोजिमको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

**देहायः**

१. नागरिकताको / राष्टिय परिचयपत्रको प्रमाणपत्रको प्रतिलिपि,
२. नाबालको हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३. दीर्घ रोग लागेको प्रमाणित हुने कागजात,
४. गरिव परिवार परिचयपत्र भएमा सो प्रमाणपत्रको प्रतिलिपि वा वडा कार्यालयले विपन्न नागरिक प्रमाणित गरी दिएको सिफारिस पत्र।

आज्ञाले,
निराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत